दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक १८ | बुटवल | २०८२ पौष २८ गते, सोमबार | नेपाल संवत ११४६ | Monday January12, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## कांग्रेस विशेष महाधिवेशनमा ६२ प्रतिशत :

# नेतृत्व र नीति बदल्न सक्छौं : गगन

**लामो समयदेखि संस्थापन पक्षमा रहेका थुप्रै केन्द्रीय नेताहरू विशेष महाधिवेशनमा सहभागी भएका छन्। गगन–विश्व पक्षका अनुसार महाधिवेशनमा ६० प्रतिशत प्रतिनिधि आएका छन्।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पक्षले आयोजना गरेको विशेष महाधिवेशनमा सोंचेभन्दा बढी प्रतिनिधिको उत्साहजनक उपस्थिति देखिएको छ।

महाधिवेशन प्रतिनिधि मात्र हैन भृकुटीमण्डको सभामा देखिएको हजारौं कार्यकर्ताको सहभागिताले विशेष महाधिवेशन पक्षधरहरू उत्साहित भएका छन्। विशेष महाधिवेशनको पक्षमा ६२ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर गरेका छन्।

पार्टीका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूको मागअनुसार महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्माले यसको आह्वान गरेका हुन्। सभापतिसहित संस्थापन समूहका नेताले यसलाई आलटाल गर्न खोजेपछि महामन्त्रीद्वयले नै विशेष महाधिवेशनको आह्वान गरेका थिए।

महाधिवेशनलाई सम्बोधन गर्दै नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले कांग्रेसको विधानमा महाधिवेशनभन्दा ठूलो केही नहुने भन्दै महाधिवेशनले नेतृत्व र नीति बदल्न सक्ने बताएका छन्। उनले भने-'चाह्यो भने नेतृत्व बदल्छ पनि। विधान पनि बदल्छ। त्यो अधिकार राख्नेको भेला हो यो।' उनले कांग्रेस जिउँदो मानिसहरूको पार्टी भएको बताएका छन्।

'तपाईंहरूले जति गर्नु भएको छ, तपाईंहरूको यो प्रयासले कांग्रेसमा यो स्थापित गरेको छ, कांग्रेस दास र लासहरूको पार्टी होइन। कांग्रेस जिउँदो मानिसहरूको पार्टी हो,' उनले भने-'जुन समाजले प्रश्न गर्न सक्दैन, त्यसले उत्तर पनि पाउँदैन। जिउँदो कांग्रेसले बल्ल समाजको जिम्मेवारी पूरा गर्न सक्छ।'

थापाले भदौ २३ र २४ गते जनता सडकमा आउनुको पछाडि सरकार र पार्टीमा रहेकाको कामकारबाही मुख्य जिम्मेवार भएको बताएका छन्। उनले सरकारमा भएकाहरूले, सदनमा भएकाहरूले जन गुनासो सम्बोधन गर्न नसक्दा भदौ २३ र २४ घटना हुन पुगेको बताएका हुन्।

'भदौ २३ र २४ गतेको आन्दोलन जेनजीले मात्रै गरेको होइन्। लाखौं लाख नरनारीले- असन्तुष्ट व्यक्त गरेका छन्, सरकारसँग। सरकारमा हामी थियौं। संसदसँग रिसाएको। संसदमा हामी थियौं,' उनले भने-'राजाको छोरा राजा हुने शासन फालेको गणतन्त्रमा नेपोबेबी देखेर रिसाएकै हो नि।'

महाधिवेशनलाई सम्बोधन गर्दै नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पार्टी पुरानै आनीबानीले नचल्ने निष्कर्षसहित आफूहरू अघि बढेको बताएका छन्।

शर्माले भने-'पुरानै आनिबानीलाई राखेर नयाँ भविष्य बनाउन सकिन्न।' उनले विषम परिस्थितिमा विशेष महाधिवेशन भइरहेको बताउँदै पार्टीभित्र नवीन आत्मविश्वास भर्ने अठोटका कामकारबाही सुरु भएको बताए। शर्माले विशेष महाधिवेशनमार्फत् नागरिक तहमा रहेका असन्तुष्टिका प्रत्येक तह (केस्राकेस्रा) केलाएर छलफल गरिने बताएका छन्।

महामन्त्री शर्माले आम नागरिकका गुनासा, असन्तुष्टि र अपेक्षालाई बुँदागत रूपमा संकलन, पहिचान र समीक्षा गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले प्रत्यक्ष तथा अनलाइन माध्यमबाट महाधिवेशन हेरिरहेका नागरिकलाई सम्बोधन गर्दै कांग्रेसले जनअसन्तुष्टिलाई गम्भीरतापूर्वक आत्मसात् गर्ने स्पष्ट पारे।

'फागुन २१ मा रूख चिन्हमा मतदान हुनुअघि नागरिकका गुनासा टिपोट गरेर, पहिचान गरेर, नदोहोऱ्याउने संकल्पसहित विशेष महाधिवेशन गरेर हामी अघि बढ्दैछौं।'-उनले भने।

महामन्त्री शर्माले पछिल्लो ३४ वर्षमा ३० वटा सरकार गठन भए पनि नागरिकमा सन्तुष्टि कायम हुन नसकेको उल्लेख गरे। सरकार परिवर्तनले सत्तामा पुगेकालाई त सन्तुष्टि मिलेको हुनसक्ने, तर आम नागरिकले अनुभूति गर्न नसकेको उनको भनाइ थियो।

'३४ वर्षमा ३० वटा सरकार बनाउँदा सन्तुष्टि प्रधानमन्त्री बन्नेहरूलाई मिल्यो होला, नागरिकलाई मिलेन,' उनले भने-'प्रशासनिक कार्यालयमा सेवा लिन गएका सेवाग्राही कोठाबाट अर्को कोठा धाइरहनु पर्छ, 'भोलि-भोलि' भनिँदा सीडीओ वा मन्त्रीलाई सञ्चो लाग्ला, सेवाग्राहीलाई लाग्दैन।'

कृषि क्षेत्रमा देखिएको समस्यातर्फ संकेत गर्दै शर्माले मल नपाएर खेतमै अल्मलिएका किसानले मन्त्रीको अनुहार सम्झेर खेती हुने मान्यता नस्वीकार्ने टिप्पणी गरे। यस्ता असन्तुष्टिका उदाहरणहरू धेरै रहेको र तिनलाई विशेष महाधिवेशनको बन्दसत्र प्रतिवेदनमा विस्तृत रूपमा प्रस्तुत गरिने उनले जानकारी दिए।

महामन्त्री शर्माले विशेष महाधिवेशनलाई केवल संगठनात्मक अभ्यास नभई जनअसन्तुष्टिको गहिरो समीक्षा र आत्मसमीक्षाको मञ्चका रूपमा स्थापित गर्ने बताए।

'विषम परिस्थिति र भिन्न राजनीतिक अवस्थामा विशेष महाधिवेशन भइरहेको छ। पार्टीभित्र नवीन आत्मविश्वास भर्ने अठोटका साथ यो अधिवेशन भइरहेको छ,' उनले भने-'हाम्रा सबै सुभचिन्तक साथीहरू रूपान्तरित कांग्रेस चाहनुहुन्छ। आज जेजति कमीकमजोरीहरू भएका छन्। पार्टीको ड्राइभिङ सिटको नजिकै रहेको नाताले यसको हिस्सा हामी पनि लिन्छौं। कमजोरीलाई स्वीकारेर भनेका हौं, पुरानै अवस्थामा अघि बढेर हुँदैन। मनस्थिति बदल्नुपर्छ।' शर्माले जेनजी आन्दोलनको क्रममा २३ भदौमा नवयुवाहरूको ज्यान लिनुभन्दा संसद भवन तोडिन दिएको भए हुने तर्क समेत गरे।

सभालाई नेता गोपालमान श्रेष्ठ, पूर्व अर्थमन्त्री महेश आचार्य, सह-महामन्त्री फर्मुल्लाह मन्सुर, पूर्व मन्त्री अर्जुन नरसिंह केसी, पूर्व मन्त्री प्रदीप पौडेल, पूर्व उप-सभामुख पुष्पा भुसाल, लुम्बिनी प्रदेश सभापति अमरसिंह पुनलगायतले बोल्दै अब कांग्रेसको नेतृत्व गगन थापाले लिनुपर्नेमा जोड दिएका थिए।

### संस्थापनकै नेताहरू गगन–विश्वको पक्षमा

अझ महत्वपूर्ण त लामो समयदेखि पार्टी संस्थापन पक्षमा रहेका केन्द्रीय तहका नेताहरू पनि गगन-विश्व पक्षलाई साथ दिँदै विशेष महाधिवेशनमा खुलेर सहभागी भए।

देउवाका विश्वास पात्र एवं देउवाले कांग्रेस विभाजन गरी गठन गरेको कांग्रेस प्रजातान्त्रिकका उप-सभापति रहेका गोपालमान श्रेष्ठ, पूर्व अर्थमन्त्री महेश आचार्य, पार्टी सह-महामन्त्री फर्मला मन्सुर, पूर्व उप-सभामुख पुष्पा भुसाल, पूर्व सांसद विनोद चौधरी, नेता उदयशमशेर राणा, देवेन्द्रराज कंडेललगायत थुप्रै संस्थापन पक्षका नेताहरू गगन-विश्वको पक्षमा उभिएर भृकुटीमण्डपमा सहभागी भएका छन्। यस्तै डा. चन्द्र भण्डारी, डा. सुनिल शर्मालगायत नेताहरू पनि विशेष महाधिवेशनमा सहभागी भएका छन्। रूपन्देहीमै रूपन्देही १ का सभापति हिरा केसी, ३ का सभापति सुशील गुरूङ विशेष महाधिवेशनका पक्षमा खुले। उनीहरू पार्टी संस्थापन र नेता बालकृष्ण खाँणका निकट थिए।

शेखर कोइराला ढुलमुले हुंदा उनको पक्षमा रहेकाहरू पनि गगन-विश्वको पक्षमा खुलेका छन्। ती मध्येका अगुवा लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुन हुन्। पुनका अनुसार विशेष महाधिवेशनका लागि लुम्बिनी प्रदेशका ७० प्रतिशत बढी प्रतिनिधि विशेष महाधिवेशन पक्षमा उभिएका छन्।

» बाँकी ३ पेजमा

## सिद्धार्थ पब्लिकेशन प्रालिको वार्षिक साधारणसभा सम्पन्न



बुटवल। दैनिक लुम्बिनीको प्रकाशन संस्था सिद्धार्थ पब्लिकेशन प्रालिको वार्षिक साधारणसभा सम्पन्न भएको छ। आइतबार बुटवलमा एक समारोहका बिचमा संस्थाको वार्षिक साधारणसभा मनाइएको हो। सिद्धार्थ पब्लिकेशन प्रालिद्वारा प्रकाशित राष्ट्रिय दैनिक लुम्बिनी ३८औं वर्ष प्रवेशको अवसरमा प्रालिको साधारणसभा मनाइएको हो।

साधारणसभामा संस्थाका अध्यक्ष मोहन चापागाईंको वार्षिक प्रतिवेदन, भावि कार्ययोजना, प्रगति विवरण, लेखा प्रतिवेदन पारित समेत भएको थियो।

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो पत्रिका अहिलेसम्म ३८औं वर्षसम्म पुगेको बताउँदै चापागाईंले यसलाई यहाँसम्म पुऱ्याउन सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापनसमेत गरेका थिए। सो अवसरमा बोल्दै अध्यक्ष चापागाईंले संस्थापक सम्पादक स्व. कर्णबहादुर कार्की, पूर्व अध्यक्ष तथा प्रवन्ध निर्देशक स्व. ऋषि ज्ञवालीलगायतका पूर्व नेतृत्वकर्ताका कारणले यहाँसम्म पत्रिका आइपुगेको बताए।

पूर्व अध्यक्ष एवं सञ्चालक मानबहादुर विश्वकर्माले अहिलेको विषम परिस्थीतिमा पनि पत्रिकालाई बलियो रूपमा बनाउन सञ्चालक मात्रै नभई शेयर सदस्यहरूको परिश्रमबाट अहिलेसम्म भएको बताए। सञ्चालक महेश्वर रिजालले पत्रिका र कम्पनी यहाँसम्म ल्याइपुऱ्याउने अहिलेका र यसअघि योगदान दिइएका व्यक्तिहरूको चर्चा र स्मरण गरेका थिए।

» बाँकी ३ पेजमा

## अस्ताए प्रशान्त तामाङ

गायक तथा अभिनेता प्रशान्त तामाङको निधनले संसारभरका नेपालभाषी फ्यानलाई दुःखी बनाएको छ।



बुटवल। मान्छेको जन्म संयोग हो, मृत्यु निश्चित छ। जन्मेपछि मृत्यु निश्चित भए पनि कहिले भन्ने ठ्याक्कै थाहा हुन्थ्यो भने मान्छेको जीवन गतिशील बन्न सम्भव थिएन्। अनिश्चित समयरेखामा हिंड्दै गर्दा कहाँ गएर मान्छेको जीवन बिराम लाग्छ, थाहा नहुँदो रहेछ।

सुरिलो स्वरका प्रिय गायक प्रशान्त तामाङले आइतबार बिहान दिल्लीमा अन्तिम सास फेरे। अब उनी आफ्ना करोडौं फ्यानका सामु कहिल्यै फर्कने छैनन्। उनको उमेर बल्ल ४२ वर्ष पुगेको थियो। उनको निधनले दार्जिलिङसहित संसारभर छरिएका नेपालीभाषीलाई निराश बनाएको छ।

विभिन्न सञ्चारमाध्यमका अनुसार, अरुणाचल प्रदेशमा कार्यक्रम सकेर दिल्ली फर्किएलगत्तै उनलाई हृदयघात भयो। तत्काल द्वारकास्थित अस्पतालमा पुऱ्याइयो। उनलाई चिकित्सकले मृत घोषणा गरे। ४ जनवरी १९८३ मा पश्चिम बंगालको दार्जिलिङमा जन्मिएका उनको परिवार सामान्य थियो। सानै उमेरमा बुबा बितेपछि परिवारको जिम्मेवारी उनको कलिलो काँधमा आयो। उनी घरको जेठो छोरा थिए। त्यसैले आएको परिवारको आर्थिक तथा भावनात्मक जिम्मेवारी पूरा गर्ने चुनौती उनीमाथि थियो।

परिवारको जिम्मेवारीको भारीलाई जुरुक्क उठाउन उनी कोलकाता प्रहरीमा कन्स्टेबलको रूपमा भर्ती भए। प्रहरी ब्याण्डमा गीत गाउँदा गाउँदै उनी आफैंलाई सांगीतिक यात्रातर्फ डोऱ्याउन थाले। जब ड्युटी सकिन्थ्यो। बेलुका ब्याण्डको अभ्यास, सानो कक्षमा गीत रेकर्डिङमा व्यस्त हुन्थे। गीत संगीतप्रतिको लगाबले उनलाई सक्षम गायकको पहिचान दियो।

सन् २००७ मा इन्डियन आइडल सिजन-३ मा अडिसन दिएपछि प्रशान्तको जीवनले निर्णायक मोड लियो। स्टेजमा गाउन उभिँदा उनी एक्ला थिएनन्। करोडौं नेपालीभाषी फ्यान उनको साथमा उभिए। प्रतियोगितामा दर्शकको माया र निर्णायकको प्रशंसाले अन्ततः उनले उपाधि जिते।

त्यस दिन उनी गाइरहेका थिए,
'गोर्खालीको छोरो हुँ म, गोर्खे मेरो नाम।'

संसारभरका नेपालीले त्यो गीत सुनेर उनलाई उच्च सम्मान र माया दिए। प्रतियोगिताको विजयी क्षणमा ताज चुमेपछि आमाले उनलाई ढाका टोपी लगाइदिँदा सबैलाई भावुक बनाएको थियो। त्यसपछि प्रशान्त अझ प्रिय गायक बने।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# सुन्तलाबाट समृद्धि

स्याङ्जामा यो वर्ष १ अर्ब ३२ करोड रुपैयाँको सुन्तला बिक्री हुने अनुमान छ । गत आर्थिक वर्ष १ अर्ब २० करोड रुपैयाँको सुन्तला बिक्री भएको थियो । सुन्तला उत्पादनको यो तथ्याङ्कले मध्यपहाडमा फलफूल खेतीको राम्रो सम्भावना देखिन्छ ।

स्याङ्जामा सुन्तलाबाटै समृद्धि ल्याउन सकिने स्पष्ट भएको छ । एउटा जिल्लाबाट एक अर्बको सुन्तला बिक्री एउटा सुखद विषय हो । गुल्मी, पाल्पा र अर्घाखाँचीमा पनि राम्रो सुन्तला उत्पादन भइरहेको छ । यी जिल्लाले यो वर्ष कति सुन्तला उत्पादन गरे भन्ने बारेमा तथ्याङ्क तयार गरिरहेको जिल्ला कृषि विकास कार्यालयहरूले जानकारी गराएका छन् ।

पहाडमा फलफूल र तरकारी खेतीको राम्रो सम्भावना छ । पाल्पाको रिब्दीकोट गाउँपालिकाका किसानले गत वर्ष ६ करोडको अकबरे खुर्सानी बिक्री गरे । तिनाउ गाउँपालिकाको दोभान र आसपासको क्षेत्रबाट ५ करोडको दालचिनी बिक्री भयो । अम्रिसोको व्यवसायिक उत्पादनबाट पनि किसानले राम्रो लाभ लिन थालेका छन् । अदुवा उत्पादनले पनि किसानलाई राम्रो आम्दानी दिइरहेको छ । यी प्रतिनिधिमुलक उदाहरण हुन् । यस्ता केही उदाहरणले मध्यपहाडलाई समृद्धिको केन्द्र बनाउन सकिन्छ भन्ने दरिलो आत्मविश्वास जगाएको छ ।

मध्यपहाडमा कृषिका लागि धेरै समस्या छन् । सिँचाइको अभाव छ । भिरालो पाखो जमिनमा कठिनाइ छ । सिँचाइको वैकल्पिक उपाय तयार गर्न राज्यले पहलकदमी लिनुपर्छ । प्लाष्टिक पोखरी बनाएर पनि सिँचाइको गर्जो टार्न सकिन्छ । भिरालो पाखो जमिनले जति कठिनाइ थपेको छ, त्यो कठिनाइलाई चिर्दै अवसर श्रृजना गर्नुपर्छ । बाँदरले खेतीबाली नष्ट गर्न थालेपछि खेतीपाती गर्न छाडिएको छ । राम्रो खेती हुने जग्गा बाँझिएका छन् । ती बाँझिएका जग्गामा बाँदरले नष्ट नगर्ने के खेती गर्दा लाभ लिन सकिन्छ ? किसानलाई बाटो देखाउने काम सरकारको हो । अहिले तहगत सरकारले कृषिमा लगानी गरिरहेका छन् । राज्यले गरेको लगानीको प्रतिफल अपेक्षित नआइरहेको गुनासो बढेको छ । त्यो गुनासो पनि सिकाइ बन्न सक्नुपर्छ । पालिकाभित्रको जमिन के-कति कारणले बाँझो भयो ? बाँझिएको जमिनमा कुन खेती गर्न सकिन्छ ? पालिकाभित्रको जमिनमा कुन-कुन फलफूल र तरकारी खेती गर्न सकिन्छ ? यी प्रश्नको उत्तर पालिकाले खोज्न सक्यो भने किसानलाई दिशा निर्देश गर्न सम्भव छ ।

विदेशबाट युवाले पठाएको रेमिट्यान्सले समृद्धि सम्भव छैन । अर्थतन्त्र संकटमा पर्न नदिन यसले तत्काल काम गर्ला । कृषिमा लागेको ठूलो हिस्सालाई व्यवसायिक र प्रतिफलमुखी खेतीपातीमा लाग्न प्रेरणा दिने औजार भनेको उनीहरूले पाउने लाभले नै हो । स्याङ्जामा सुन्तलाले दिएको आम्दानी भैँ अन्यत्र आफ्नै ढंगले भइरहेको उत्पादन र बिक्री आशा लाग्दा समाचार हुन् ।

# राजनीति र जिम्मेवारी



प्रा.डा. कृष्णकान्त पराजुली

प्रभावकारी र दूरगामी नेतृत्वका लागि बदलाको भावना नलिई, कसैका प्रति बैरभाव नराखी, दृढ इच्छाशक्ति, स्पष्ट र दीर्घकालीन दृष्टिकोण, समृद्धिका ठोस आधारहरूको गहिरो बोध, निःस्वार्थ सेवाभाव, अनुशासित कार्यशैली, मर्यादित आचरण, उच्च नैतिक मान्यता तथा राष्ट्रहितका लागि कठोर सङ्कल्पसहितको समर्पित व्यक्तित्व अपरिहार्य हुन्छ । यस्ता गुण र प्रतिबद्धता सम्पन्न नेतृत्वको विवेकपूर्ण पहिचान गर्दै, अरूको भड्काउ, उत्तेजना वा क्षणिक भावनाको प्रभावमा नपरी, देश र भविष्यका लागि योग्य नेता चयन गर्नु प्रत्येक सचेत नागरिकको गहन दायित्व हो ।

राजनीति राज्य सञ्चालनको सर्वोच्च तथा नियन्त्रक नीति हो । मुलुकको कुनै पनि किसिमको समृद्धि राजनीतिबिना सम्भव हुँदैन । कुनै पनि मुलुकको अग्रगमन तथा समृद्धि त्यो देशको राजनीति र नेतृत्वसँग जोडिएकै हुन्छ । देशको अभिवृद्धिमा राजनीतिक नेतृत्वको दैनिक जीवनको बोली व्यवहार, आर्थिक अनुशासन, नैतिकता, आहारविहार तथा आचरण प्रत्यक्ष रूपमा जोडिन्छ पनि । यी आदर्श मूल्यमान्यतालाई अलग राखेर नेता वा नेतृत्वले देशको विकास र समृद्धि हासिल गर्न सक्छ भन्ने कल्पना गरिनु हुँदैन ।

अरूलाई मार्गदर्शन गर्ने, अगुवाइ गर्ने वा नेतृत्व गर्ने, दिशा देखाउने, सङ्गठन वा समाजलाई प्रगतिशील दिशातर्फ उन्मुख गराउन सक्षम व्यक्तिलाई नेता भनिन्छ । जनहितको संरक्षण गर्दै समाजलाई स्थिरता, न्याय र समावेशिताको मार्गतर्फ अगाडि बढाउँदै जनताको आवाज प्रतिनिधित्व गर्नु, कानुन, संविधान र लोकतान्त्रिक मूल्यको सम्मान गर्नु, सार्वजनिक स्रोत र अधिकारको संरक्षण गर्नु, सामाजिक सद्भाव, शान्ति कायम गर्नु नेताको प्रमुख दायित्व हो ।

सत्यनिष्ठ, इमानदार र उत्तरदायी हुनु, शक्ति र पदको दुरुपयोग नगर्नु, आत्मसंयम, सरलता, विनम्रता र पारदर्शिता अपनाउनु, समय, वचन र जिम्मेवारीप्रति प्रतिबद्ध रहनु, उत्तेजक, अपमानजनक वा गैरजिम्मेवार अभिव्यक्ति नदिनु, आलोचना सहन सक्ने क्षमता हुनु आदि नेताका व्यक्तिगत जीवनको अनुशासन हो । सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, भ्रष्टाचार, घुसखोरी र आर्थिक अनियमितताबाट टाढा रहनु, व्यक्तिगत लाभभन्दा सार्वजनिक हितलाई प्राथमिकता दिनु, आयव्ययमा पारदर्शिता कायम गर्नु नेताका आर्थिक अनुशासन हो । न्याय, सत्य र मर्यादालाई सर्वोच्च मान्नु, गलत कार्यलाई समर्थन नगर्नु, आफ्नै पक्ष भए पनि नैतिक साहसका साथ सही निर्णय लिनु, पद, पैसा वा दबाबका कारण मूल्यमान्यता नछोड्नु नैतिकता हो ।

परिवारभित्र समानता, सम्मान र जिम्मेवारीको अभ्यास गर्नु, नातावाद, कृपावाद र पक्षपातबाट टाढा रहँदै सार्वजनिक पदको दुरुपयोग गरी परिवार वा आफन्तलाई अनुचित लाभ नदिनु उसको पारिवारिक व्यवहारको आधार हो । त्यसै गरी संयमित, स्वस्थ र मर्यादित जीवनशैली अपनाई विलासी, भड्किलो वा विवादास्पद आचरणबाट जोगिनु, जनतासँग दुरी बढाउने शैली नअपनाई सरल, पारदर्शी र जनमुखी व्यवहार देखाउनु नै नेताको राम्रो आहारविहार तथा आचरणको परिचय हो ।

विशेष गरी सार्वजनिक जीवनमा रहेका नेताहरूका सामाजिक तथा व्यक्तिगत आचरण, जस्तै विवाह, व्रतबन्ध, जन्मोत्सव, वार्षिकोत्सव, चाडपर्व आदि समग्र समाजका लागि मार्गदर्शक र अनुकरणीय हुनु पर्छ । यस्ता कार्यक्रम जब अनावश्यक रूपमा भड्किला, खर्चिला र प्रदर्शनमुखी बन्छन्, तब समाज सहजै त्यसको नकारात्मक प्रभावमा पर्न बाध्य हुन्छ । यस किसिमका आचरणले तत्कालीन समकक्षी वर्गमा मात्र होइन, भावी पुस्तामा समेत गलत मूल्य र विकृत संस्कारको बीजारोपण गरिरहेको देखिन्छ, जसले अन्ततः समाजलाई क्रमशः विशृंखलतातिर धकेलिइरहेको हुन्छ । यसको गम्भीर परिणामस्वरूप आर्थिक रूपमा कमजोर वर्गले त्यही समाजमा अस्तित्व जोगाइराख्नुपर्ने बाध्यताका कारण भ्रष्टाचार प्रत्येक व्यक्तिको मनमस्तिकबाट आफैँ उत्पादन हुन थाल्छ र समाज नै भ्रष्टीकरणतर्फ उन्मुख भई भ्रष्ट समाजले उत्पादन गरेको नेता र नेतृत्व भ्रष्ट हुनु सामाजिक उपज हुन जान्छ । भ्रष्टाचारबाट आर्जित धनले सामाजिक नैतिकता, मूल्य र अनुशासनलाई क्षय गराउँदै समाजलाई विकृत बनाउनेबाहेक कुनै पनि दीर्घकालीन सकारात्मक परिणाम दिन सक्दैन ।

अब नेपालतर्फ फर्केर हेर्दा, नेपालका धेरै जसो स्थापित भएका र हुन खोजिएका नेताहरूको जीवनशैली, व्यवहार र प्रस्तुति हेर्दा उनीहरू आफैँ संयम, सादगी र नैतिकताको आदर्श प्रस्तुत गर्न चुकेको देखिन्छ । एकातिर आमनागरिक आर्थिक अभाव, बेरोजगारी र असमानतासँग सङ्घर्ष गरिरहेको अवस्थामा नेताहरूको भड्किलो जीवनशैली, खर्चिला समारोह, विलासी सवारीसाधन र प्रदर्शनमुखी व्यवहार सामाजिक असन्तुलनलाई अझ गहिरो बनाउने कारण बनेका छन् ।

अहिले नेपालमा राजनीतिक नेतृत्वमा स्थापित हुन अपनाइने अभ्यास विभिन्न रूपका देखिन्छन् । सभाको मञ्चबाट भिडलाई उत्तेजित गर्ने खालका भाषणहरू, निन्दात्मक तथा विभाजनकारी अभिव्यक्ति, सामाजिक सञ्जालमार्फत फैलाइने नकारात्मक टिप्पणीहरू, मिडियामा प्रस्तुत गरिने कटाक्षपूर्ण विचार, व्यक्ति विशेषलाई लक्षित गरी गरिने आलोचनात्मक अभिव्यक्ति तथा तथ्यविहीन आरोपसहितका उत्तेजक वक्तव्य आज नेपालमा नेता बन्ने सजिलो माध्यमका रूपमा विकसित हुँदै गएका छन् । यी सबैमध्ये सामाजिक सञ्जाल सबैभन्दा शक्तिशाली माध्यमको रूपमा स्थापित भएको छ ।

अहिले एआई (कृत्रिम बुद्धिमत्ता) ले सामाजिक सञ्जालमा आबद्ध मानिसलाई सम्बन्धित व्यक्तिको मनोवृत्ति र विचार पहिचान गर्न सक्ने क्षमता राख्छन् र सोही अनुसारका विषयवस्तु निरन्तर प्रवाह गर्छन् । यसरी कब्जामा पारिएको मन र विचारमा कस्तो प्रकारको विषयवस्तु प्रवाह गर्नु पर्छ भन्ने कुरा आइटी विज्ञहरूले सजिलै पहिचान गर्न सक्छन् । त्यस अनुसार योजनाबद्ध ढङ्गले सामग्री तयार गरी निरन्तर रूपमा प्रवाह गरिन्छ, जसले अन्ततः आममानिसको सोच र धारणा नियन्त्रणमा लिन सफल हुन्छ । यही प्रविधिको निरन्तर प्रयोग गर्ने आममानिस आफूलाई थाहै नपाई कुनै एक निश्चित धारणाको प्रभावमा परिसकेका हुन्छन् र सोही आधारमा आफ्ना अभिव्यक्ति तथ्य र प्रमाणद्वारा पुष्टि भएको दाबी गर्दै सार्वजनिक गर्छन् । यही प्रविधिको दुरुपयोग गर्दै केही नेता आफूलाई नेतृत्वमा स्थापित गराउने प्रयास गरिरहेका देखिन्छन् । नेपाल अहिले त्यसैको सिकार बन्न पुगेको देखिन्छ ।

नेपालको राजनीतिक नेतृत्वमा स्थापित हुनका लागि प्रयोग गरिने अर्को प्रभावकारी हतियार नकारात्मक धारणा र अभिव्यक्ति हुन् । कुनै व्यक्ति, संस्था वा पार्टीलाई आफूले प्रतिद्वन्द्वीका रूपमा पहिचान गरेपछि योजनाबद्ध ढङ्गले त्यसका विरुद्ध नकारात्मक टिप्पणी र आलोचनात्मक अभिव्यक्ति प्रवाह गरिने तथा त्यसैसँग तुलना गर्दै आफूलाई सकारात्मक र श्रेष्ठ रूपमा प्रस्तुत गर्ने प्रयास भइरहेको देखिन्छ । यस्तो अभ्यास केवल नेताहरूमा मात्र सीमित नरही सार्वजनिक क्षेत्रसम्म फैलिएको छ । सार्वजनिक वृत्त पनि यस्ता नकारात्मक धारणा र विचारबाट प्रभावित भई सोही अनुसारका बहस र विवादमा संलग्न हुँदै गएको देखिन्छ । परिणामस्वरूप, स्वस्थ र तथ्यमा आधारित राजनीतिक विमर्शभन्दा भावनात्मक, विभाजनकारी र पूर्वाग्रही बहसहरूले प्राथमिकता पाउन थालेका छन् ।

मुलुकको समृद्धिका लागि देशवासीले गम्भीर रूपमा बुझ्नुपर्ने कुरा के हो भने अर्काको आलोचनामै आफ्नो समय र ऊर्जा खर्च गर्ने कुनै पनि नेता वा राजनीतिक पार्टीले देशको दीर्घकालीन विकास र समृद्धिका विषयमा गहन चिन्तन गर्न सक्दैन । जब राजनीतिक अभ्यास विकासमुखी सोचभन्दा बदलाको राजनीतितर्फ केन्द्रित हुन्छ, तब त्यसको परिणामस्वरूप मुलुकले फेरि अर्को रूपका नकारात्मक टिप्पणी, कटाक्षपूर्ण अभिव्यक्ति र निरन्तर द्वन्द्वबाहेक केही पाउँदैन । अरूको कमजोरी औँल्याएर मात्र आफ्नो नेतृत्व निर्माण गर्ने व्यक्ति राष्ट्रका लागि उपयुक्त पात्र नहुन सक्छ ।

विरोध र आलोचनामै सीमित रही, अरूका कमजोरीमा समय खर्चिने तथा बदलाको राजनीतिमा संलग्न नेतृत्वले मुलुकलाई अग्रगमनतर्फ डोऱ्याउने निकास दिन सक्दैन । परिणामस्वरूप देश पटक-पटक उही राजनीतिक अस्थिरता, विकासको अद्योगति तथा दुर्दशाको चक्रमा फसिरहन्छ । बदलाको राजनीतिले समृद्धि दिन नसक्ने यथार्थका उदाहरणका रूपमा दक्षिण एसियाली मुलुक पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र म्यान्मारलाई हेरे पुग्छ । यी मुलुकको अनुभवले स्पष्ट देखाउँछ कि नकारात्मक राजनीति र प्रतिशोधमुखी सोंचले राष्ट्रनिर्माण होइन, सङ्कट र अस्थिरता मात्र उत्पादन गर्छ ।

धेरैजसो नेपाली नेता र नेतृत्वको भाषणमा, बोलीमा, सामाजिक सञ्जालका प्रस्तुतिमा आफूलाई सर्वश्रेष्ठ देखाउन खोजेको पनि देखिन्छ । जब उसको अनुशासन, नैतिकता, आचारण, पारिवारिक व्यवहार, आहारविहार नजिकबाट नियाल्यो भने उसले प्रस्तुत गरेका भाषण, विचार, सामाजिक सञ्जालका प्रस्तुति आदि केहीमा पनि मेल खाँदैन । यी कुरामा मेल खान पुग्यो भने त्यो साँच्चिकै असल नेता हो भनेर छुट्याउन सकिन्छ । यसरी नेताका बोली र व्यवहारमा तादत्म्यता छ वा छैन भन्ने मापदण्डले मुलुकको असल नेताको पहिचान हुन सक्छ ।

अब प्रश्न उठ्छ, के केवल असल गुण भएको व्यक्ति मात्र मुलुकको समृद्धिका लागि योग्य नेतृत्व बन्न सक्छ ? यथार्थमा, असल गुण नेतृत्वका लागि अनिवार्य भए पनि ती मात्र पर्याप्त हुँदैनन् । प्रभावकारी र दूरगामी नेतृत्वका लागि बदलाको भावना नलिई, कसैका प्रति बैरभाव नराखी, दृढ इच्छाशक्ति, स्पष्ट र दीर्घकालीन दृष्टिकोण, समृद्धिका ठोस आधारहरूको गहिरो बोध, निःस्वार्थ सेवाभाव, अनुशासित कार्यशैली, मर्यादित आचरण, उच्च नैतिक मान्यता तथा राष्ट्रहितका लागि कठोर सङ्कल्पसहितको समर्पित व्यक्तित्व अपरिहार्य हुन्छ । यस्ता गुण र प्रतिबद्धता सम्पन्न नेतृत्वको विवेकपूर्ण पहिचान गर्दै, अरूको भड्काउ, उत्तेजना वा क्षणिक भावनाको प्रभावमा नपरी, देश र भविष्यका लागि योग्य नेता चयन गर्नु प्रत्येक सचेत नागरिकको गहन दायित्व हो । नागरिकको संवेदनशीलता, विवेक र जिम्मेवारीको वास्तविक परीक्षा भनेको आफ्नै हातमा निर्णय गर्ने अधिकार निहित भएको क्षणमा नै प्रकट हुन्छ । गोपबाट

# पशुपंक्षीमा जथाभावी 'एन्टिबायोटिक' प्रयोग नगर्न आग्रह

नेपालगञ्ज । पशुपंक्षीमा जथाभावी एन्टिबायोटिक औषधिको प्रयोग नगर्न आग्रह गरिएको छ । कृषि तथा खाद्य सङ्गठन (एफएओ) काठमाडौँको आयोजना तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाँकेको समन्वयमा यहाँ भएको अन्तरक्रियामा सरोकार भएकाले पशुपक्षीमा जथाभावी एन्टिबायोटिकले समस्या बढाउने भएकाले प्रयोग नगर्न आग्रह गरिएको हो ।

बिरामी पशुपंक्षीलाई पशु चिकित्सकको सल्लाहबिना उपचार गर्ने र अनावश्यक औषधिको प्रयोगले समस्या घट्नुको साटो बढ्दै गएको सरोकार भएकाको भनाइ छ ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख डा.गणेश पुनले पशुपालन गर्ने किसानले सम्बन्धित भेटेरिनरीसँग परामर्श गरेर मात्र औषधि प्रयोग गर्न आग्रह गरे । उनले बजार अनुगमनका क्रममा अनुगमनकर्तालाई अधिकार प्रत्यायोजन गर्न सके केही मात्रामा सुधार आउने उल्लेख गरे ।

भेटेरिनरी अस्पतालका अधिकृत भोजराज रावलले अनुगमन टोलीले दिएको निर्देशन खाद्य व्यवसायीले पालना नगर्ने भेटिएकाले यसमा सुधार ल्याउनुपर्नेमा जोड दिए । कुखुरा व्यवसायी मञ्चका अध्यक्ष धर्मराज पोखरेलले भारतबाट अवैध रूपमा भित्रने कुखुरा तथा माछा दाना र अण्डालाई रोक्न नसक्दा समस्या बढ्दै गएको गुनासो गरे ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय नेपालगञ्जका प्रमुख प्रशान्त पोखरेलले खाद्य वस्तुको स्वच्छता बिगार्ने प्रमुख कारकतत्व भौतिक, रासायनिक र जैविक भएकाले खाद्य सुरक्षामा गम्भीर बन्नुपर्नेमा जोड दिए । यसको असर पाँच वर्षमुनिका बालबालिकामा पर्ने तथ्याङ्कले देखाएको उनले जानकारी दिए ।

उनले दूषित खाद्यपदार्थ बिक्री वितरण पूर्ण रूपमा बन्द गरिनुपर्नेमा जोड दिँदै न्यूनस्तरको खाद्य पदार्थ बिक्री गर्ने, झुक्काइ खाद्य पदार्थ बिक्री गर्ने र लेबल नलगाई उत्पादन गर्नेलाई कारबाहीको दायरामा ल्याउन सम्बन्धित निकाय प्रतिबद्ध हुन जरुरी रहेको बताए । कार्यक्रममा खाद्य तथा पोषण सुरक्षा आयोजनाका राष्ट्रिय कार्यक्रम संयोजक डा साकार सिवाकोटी, वरिष्ठ खाद्य अनुसन्धान अधिकृत कृष्ण राईले सहजीकरण गरेका थिए ।

# मौसमी रूघाखोकीबाट जोगिन के गर्ने ?

डा. आलोक ढुंगेल

चिसो मौसम सुरु भइसकेको छ । चिसोका कारण केही स्वास्थ्य समस्याहरू देखा पर्ने समस्या हुन्छ । मौसम परिवर्तनको समयमा मानिसहरूमा खास गरी रुघाखोकीको समस्या बढी हुने गर्छ ।

मौसमी रुघाखोकी छिटो फैलिन्छ । त्यसैले हरेक व्यक्तिले चिसोका कारण लाग्न सक्ने रुघाखोकीबाट जोगिनका लागि सावधानी अपनाउन आवश्यक छ ।

रुघाखोकी लाग्न नदिन निम्नानुसार सावधानीका उपाय लागू गर्न सकिन्छ । इन्फ्लुएन्जाको भ्याक्सिन लगाउने, घरबाहिर निस्किँदा मास्क प्रयोग गर्ने, न्यानो कपडा लगाउने, चिसोबाट जोगिने ।

अन्य दीर्घरोगका बिरामीलाई पनि चिसोले नराम्रो असर गर्न सक्छ । विशेष गरी मुटु, मिर्गौला, दम तथा क्यान्सर रोगको औषधि सेवन गरिरहेका बिरामीमा चिसोका कारण स्वास्थ्य अवस्था बिग्रन सक्छ । यस्तै, जटिल मानसिक स्वास्थ्य समस्या भएका र अङ्ग प्रत्यारोपण गरेका व्यक्तिहरूलाई पनि चिसोका कारण अस्वस्थ हुने जोखिम रहन्छ ।

चिसोका बेला नसाहरू साँघुरिने भएकाले हार्ट अट्याक, स्ट्रोकलगायतका समस्या पनि बढ्न सक्छ । यो समय दमका रोगीहरूलाई पनि अझ गाह्रो हुनसक्छ । यस्तै, श्वासप्रश्वाससम्बन्धी समस्या बढी देखिन्छ ।



त्यसैले यस्ता बिरामीले आफ्नो स्वास्थ्यप्रति समयमै सचेत हुनुपर्छ । यस्तै पाँच वर्षभन्दा कम उमेरका बालबालिका र ६५ वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिकलाई पनि चिसोका कारण स्वास्थ्यमा समस्या देखिन सक्छ ।

**कस्तो अवस्थामा अस्पताल जाने ?**

सामान्य मौसमी रुघाखोकी घरेलु उपचारले पनि केही दिनमा आफैँ ठिक हुनसक्छ । तर अत्यधिक ज्वरो आउने, औषधि खाँदा पनि कम नहुने, सास फेर्न गाह्रो हुने, छिटोछिटो सास फेर्ने, सास फेर्दा घाँटीको नसा तन्किएकोजस्तो महसुस हुने, होस हराएको वा लट्ठ भएको, रक्तचाप कम भएको, अक्सिजन लेबल घट्ने लक्षणहरू छन् भने तुरुन्त अस्पताल जानुपर्छ ।

मौसमी रुघाखोकी र अन्य रोगहरूबाट बच्न चिसो र धुलोधुँवाबाट जोगिनुपर्छ । घरबाहिर निस्किँदा रुघाखोकी लागेका व्यक्तिहरूसँग टाढा बस्ने र हात मिलाउने गर्नुहुँदैन ।

कोभिडको समयमा जस्तै व्यक्तिगत सरसफाइमा ध्यान दिने र चिसोबाट जोगिन सकेमा अहिलेको मौसमी रुघाखोकीबाट जोगिन सकिन्छ ।

# माघे संक्रान्तिमा 'रम्मिताको पिरती' सांगीतिक कार्यक्रम



बुटवल। माघे संक्रान्तिको अवसरमा माघ १ गते बुटवलमा 'रम्मिताको पिरती' सांगीतिक कार्यक्रम (म्युजिकल कन्सर्ट) हुने भएको छ।

प्रेम, संगीत र प्रत्यक्ष सांगीतिक प्रस्तुतिको भव्य उत्सवका रूपमा 'रम्मिताको पिरती' म्युजिकल कन्सर्ट बुटवलमा हुने भएको हो।

माघ १ गते बुटवल मण्डपस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बिआइसीसी प्रांगणमा कार्यक्रम हुने आयोजकले जनाएको छ।

इभेन्ट इन बुटवल र माकाडक्स इभेन्टको संयुक्त आयोजनामा हुन लागेको उक्त सांगीतिक कार्यक्रममा समिर श्रेष्ठ फिचरिङ, गुडबोइज, द हुलाकी, कुशल पोखरेल, महेश काफ्ले, आना शर्मा, धिराज मगरलगायतका कलाकारहरुको प्रस्तुती दिनेछन्। साथै कार्यक्रममा एक विशेष 'सरप्राइज आर्टिस्ट' को समेत प्रस्तुति रहने आयोजकले जानकारी दिएको छ।

'रम्मिताको पिरती' फिल्मको सांगीतिक टुर कार्यक्रम अन्तर्गत कार्यक्रममा सांगीतिक कार्यक्रम गरि टुरको सुरुवात गरिने भएको छ।

इभेन्ट इन बुटवलका सञ्चालक अतीत थापाका अनुसार प्रेम र सांगीतिक भावनालाई केन्द्रमा राखेर तयार गरिएको यो कार्यक्रम युवापुस्ताका लागि विशेष आकर्षणको केन्द्र बन्ने अपेक्षा गरिएको छ।

माकाडक्स इभेन्टका कोर्डिनेटर सन्देश केसीले कार्यक्रममा करिब तीन दर्जन कलाकार तथा प्राविधिकको सहभागिता रहने जानकारी दिए। उनका अनुसार कार्यक्रमको तयारी तीव्र पारिएको र दर्शकलाई गुणस्तरीय लाइभ म्युजिक अनुभव गराउने लक्ष्य लिइएको छ।

दर्शकका लागि ५ सय रुपैयाँ प्रवेश शुल्क तोकिएको छ भने टिकट ई-सेवा स्क्यानमार्फत् सहज रूपमा लिन सकिने व्यवस्था गरिएको छ। अपराह्न ३ बजेदेखि गेट खुल्ने थापाले जनाए।

साथै, कन्सर्टमा टिकट खरिद गर्ने दर्शकहरुले फ्रेन्स सिनेमा 'रम्मिता को पिरती' फिल्म निःशुल्क हेर्ने अवसर समेत पाउने आयोजकले जनाएको छ। इभेन्ट इन बुटवलका सञ्चालक अतीत थापाका अनुसार हालसम्म करिब १ हजार टिकट बिक्री भइसकेको र थप १ हजार टिकट बिक्री गर्ने लक्ष्य राखिएको छ।

बुटवल इभेन्टको होस्ट राजेश सिन्जालीले गर्ने बताइएको छ। बुटवलबाट सुरु हुने 'रम्मिता को पिरती' म्युजिकल कन्सर्ट काठमाण्डौ, पोखरा, चितवन, दाङ, नेपालगन्जलगायतका स्थानमा हुने समेत थापाले जनाए।

# तीन सन्तानका बाबुआमालाई मासिक भत्ता

वालिङ। स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले तीन सन्तान जन्माउने दम्पतिलाई आर्थिक सहायता दिने भएको छ। गाउँपालिकाले चालु आर्थिक वर्षमा जनसंख्याको घट्दो दरलाई रोक्नका लागि तीन सन्तान जन्माउने दम्पतिलाई आर्थिक सहायता गर्ने भएको हो।

पछिल्लो समयमा जनसंख्या घट्दै जाँदा दीर्घकालीन रुपमा जनसंख्या सन्तुलनमा राख्न समस्या हुने भएकाले गाउँपालिकाले यस्तो कदम चालेको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले जानकारी दिए।

"गाउँपालिकाभित्र जनसंख्या घट्दो क्रममा छ, घट्दै जाँदा कालान्तरमा गाउँमा मानिसको संख्या निक्कै कम हुन सक्छ", उनले भने-"जनसंख्याको घट्दो दरलाई रोक्न, परिवारलाई सन्तानप्रतिको सकारात्मक प्रेरणा दिन तथा दीघकालीन जनसंख्या सन्तुलनमा राख्न र पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको उद्देश्यसहित अगाडि बढेका हौं।"

गाउँपालिकाले तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता प्रदान गर्ने कार्यविधि २०८२ स्वीकृत गरेर कार्यविधिमा तोकिएको मापदण्ड पूरा गर्ने परिवारलाई आर्थिक सहायता गर्ने तयारीमा जुटेको उनले बताए।

गाउँपालिकाले स्वीकृत गरेको कार्यविधिअनुसार गाउँपालिकाभित्र स्थायी बसोबास गर्दै आएका परिवारबाट चालु आर्थिक वर्षको साउनभन्दा पछाडि तेस्रो सन्तान जन्माएको परिवारले आवश्यक कागजातसहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।

पछिल्लो समय एक वा दुई सन्तानमात्रै जन्माउने र अर्कोतर्फ गाउँबाट सहरतर्फ बसाइँ सर्ने गरेका कारण पनि गाउँ रित्तिँदै जान थालेका छन्। "गाउँपालिकाले कार्यविधिअनुसार तीन सन्तान जन्माउने परिवारलाई प्रतिमहिना रु चार हजारका दरले आर्थिक सहायता गर्छ", उनले भने-"प्रतिपरिवार दुई वर्षसम्म पोषण तथा सन्तानप्रतिको सकारात्मक प्रेरणास्वरुप आर्थिक सहायता गर्ने भएको हो।"

तीन सन्तान जन्माउने परिवारले कार्यविधिमा तोकिएबमोजिमको ढाँचामा निवेदन, नागरिकताको प्रतिलिपि, तीनवटै सन्तानको जन्मदर्ताको प्रतिलिपि, विवाह दर्ताको प्रतिलिपि, बसाइँ सरी आएकाको हकमा बसाइँसराइको प्रतिलिपि आवश्यक पर्नेछ। जन्मिएको सन्तान नेपाल सरकारको सूचीकृत स्वास्थ्य संस्थामा जन्मिएको हुनुपर्ने उल्लेख छ। त्यसले गर्दा सूचिकृत स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी गराउनेको संख्यामा पनि वृद्धि हुने उनले जानकारी दिए।

## संस्थापनकै...

लुम्बिनी प्रदेशमा नेपाली कांग्रेसका ६७६ जना महाधिवेशन प्रतिनिधि छन्।

यस्तै प्रदेश उप-सभापति भुवन श्रेष्ठ पनि महामन्त्रीहरूको टीममा छन्। अर्का उप-सभापति राजु खनाल संस्थापन समूहमा छन्। महामन्त्री सुरेन्द्र आचार्य शेखर समूहमा रहँदा विक्रम खनाल (निलम्वित), सह-महामन्त्री निमा गिरी र विष्णु मुस्कान, कोषाध्यक्ष प्रकाश राना पनि गगन-विश्व समूहमा खुलेका छन्। अर्का सह-महामन्त्री खगराज शर्मा शेखर समूहमा छन्।

लुम्बिनीका १२ जिल्लामध्ये ६ वटाका जिल्ला सभापति गगन-विश्व पक्षमा खुल्दा शेखर पक्षमा ४ र संस्थापनमा २ मात्र छन्।

तीमध्ये रूपन्देही सभापति रामकृष्ण खाँण र बर्दियाका अरूण राठौर संस्थापन पक्षका हुन्। शेखर पक्षमा दाङका शंकर डाँगी, नवलपरासीका अर्जुन पोखरेल, पाल्पा सभापति हिमालदत्त श्रेष्ठ छन्। गुल्मीका खिलध्वज पन्थी अर्घाखाँचीका केशव श्रेष्ठ, बाँकेका नारायण गौडेल, प्यूठानका विष्णु गिरी, रूकुम पूर्वका केशरमान रोका या, रोल्पाका किशोर कुमार आचार्य, कपिलवस्तुका अब्दुल कलाम गगन-विश्वसमूहमा खुलेका छन्।

## सिद्धार्थ...

सञ्चालक सीमा पौड्यालले लगानी रहेको कार्यालयमा सहभागी हुन आग्रह गरिन्। सो अवसरमा शेयर सदस्य राजु पाण्डेले नयाँ मिडियालाई फरक धार बनाएर चलाउनुपर्ने बताउँदै आवश्यक सहयोगको लागि प्रतिबद्धता व्यक्त गरे।

शेयर सदस्य पदम कार्कीले राष्ट्रिय एकता दिवसको सन्दर्भमा साधारणसभा मनाइएको बताउँदै पत्रिकाप्रतिको मोह बढिरहेको बताए। उनले स्मृतिमा आफ्नो योगदानको स्मरण भइरहने जनाए।

शेयर सदस्य महेन्द्र राज शाक्यले पत्रिकाले राम्रो गरेको बताउँदै थप सफलताको शुभकामना दिए। यो मन्दीको समयमा पनि पत्रिकाको प्रगति राम्रो भएको बताउँदै मिडिया बचाउनु हाम्रो उत्तरदायित्व रहेको उल्लेख गरे।

शेयर सदस्य सविता पन्त पराजुलीले समय-समयमा पत्रिकामा पुगेर कामको अवलोकन र नयाँ-नयाँ योजनामा सहयोग गर्न आग्रह गरिन्।

साधारणसभामा टिकाबहादुर गोदार, दिलिपकुमार कार्की, राधिका थापा क्षेत्री (विन बहादुर कुँवर) लगायतको सहभागिता रहेको थियो।

## अस्ताए...

दार्जिलिङले खुसी मनाइरहँदा नेपाल पनि अलग हुन सकेन्। नेपालमा पनि उनको जीतमा खुशी छायो। इन्डियन आइडल भएपछि उनको दैनिकी व्यस्त भयो। सामान्य अवस्थाका प्रशान्त व्यस्त सेलिब्रिटीमा दरिए। सयौं स्टेज कार्यक्रमहरूमा उनी गाउँदै हिँड्न थाले। त्यही शिलशिलामा नेपालका विभिन्न शहरमा आएर गीत गाए। उनको यात्रा गायनमा मात्रै सीमित भएन्।

अभिनयमा पनि राम्रो छाप छाडे। नेपाली फिल्म 'गोर्खा पल्टन' बाट दर्शकको ध्यान खिचे, त्यसपछि भारतीय वेब सिरिज पाताल लोक-२ र सलमान खान अभिनित फिल्म ब्याटल अफ गलवानमा उनको अभिनयले उनलाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमै थप पहिचान दिएको थियो।

प्रशान्त पत्नी गीता थापा र छोरी आरियासँग बस्दै आएका थिए। उनीहरूले सन् २०११ मा नागाल्याण्डमा विवाह गरेका थिए।



## कावासोती नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
गणडकी प्रदेश,नेपाल
२०७३

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना

प्रकाशित मिति २०८२/०९/२८

यस कार्यालयबाट प्रथम पटक प्रकाशित ठेक्का आह्वान सम्बन्धी सुचना उपर दर्ता हुन आएका बोलपत्र मध्येतपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 11/KM/NCB/ WORKS/ 2082/83 | Road Upgrading at Differents Location Kawasoti Municipality ward No-1 | रोज डेभलपर प्रा.लि. टोखा -२ काठमाण्डौं | ४०,०९,२१५।८० | |

प्रमुख प्रशासकीय अधिकृत

### शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति २०८२/०९/२८ गते सोमबारको दैनिक लुम्बिनी**

यस विकास बैंकको भैरहवा शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋणकर्जा विकास बैंकसँग कर्जा लिदाका बखत गरेका सम्झौताका शर्त बमोजिम नबुझाई सम्झौताका शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले विकास बैंकले राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने सम्बन्धी ३५(पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण कर्जा चुक्ता भुक्तान गर्न आव्हान गरिएको थियो। सो गर्दा समेत कर्जा चुक्ता गर्न कुनै तत्परता नदेखाएका कारण विकास बैंकद्धारा ऋणकर्जाको सुरक्षण बापत धितो बन्धक लेखिदिएको तपशिलमा उल्लेखित सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोहि अवस्था र परिमाणमा विकास बैंकको नियम तथा प्रचलित ऐन कानुनको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरी विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम विक्री सम्बन्धी क्रमश : २१ (एक्काइस), १५ (पन्ध्र) र ७ (सात) दिने सार्वजनिक सुचना प्रकाशित गरीएकोमा हाल विकास बैंकद्धारा पुनः धितो लिलाम बिक्रि सम्बन्धी ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। तसर्थ धितोमा रहेको उक्त सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (सो दिन सार्वजनिक विदा परेमा विदा पश्चात लगत्तै कार्यालय खुल्ने दिन) कार्यालय समयभित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रितपुर्वक बोलपत्र भरी यस विकास बैंकको केन्द्रीय कार्यालय, बुटवलमा वा विकास बैंकको सम्बन्धित शाखा कार्यालयमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री भई विकास बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको आन्तरिक नीति नियम तथा अन्य प्रचलित ऐन कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै कालोसूचीमा समावेश गर्न बाँकी ऋणी, संचालक, प्रोप्राईटर, साझेदार, जमानतकर्ता र नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम ऋणसँग सम्बन्धित अन्य पक्षहरुलाई तीनपुस्ते विवरण सहित कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा समावेश गर्न सिफारिस गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु गराउनु हुन समेत विशेष अनुरोध गरिन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना (भैरहवा शाखा)**

१. नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपूर्ती तथा उपभोक्ता संरक्षण विभाग वाणिज्य, आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, प्रा.फ.र.नं.४७०१६/०७७ मिति २०७७/०५/२१, आन्तरिक राजस्व विभाग, स्थायी लेखा नम्बर १०८७४०१३२ मिति २०७७/०५/२६ मा दर्ता भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ४ स्थित **तारा ट्रेडिङ्ग**

**प्रोप्राइटरको विवरण:** बाला प्रसाद श्रीवास्तवको नाती, प्रहलाद प्रसाद श्रीवास्तवको छोरा, कपिलवस्तु जिल्ला अभिराव गा.वि.स. वडा नं. २, स्थायी ठेगाना भई रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्ने **अमित कुमार श्रीवास्तव** ना.प्र.नं. १६९१९ कपिलवस्तु, जारी मिति : २०५४/११/०३

२. बाला प्रसाद श्रीवास्तवको नाती, प्रहलाद प्रसाद श्रीवास्तवको छोरा, कपिलवस्तु जिल्ला अभिराव गा.वि.स. वडा नं. २, स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्ने **नितिन कुमार श्रीवास्तव** ना.प्र.नं. २२७५५ कपिलवस्तु, जारी मिति : २०५६/०१/२०

**व्यक्तिगत धन तथा धितोजमानी दिनेहरुको विवरण**

१. बाला प्रसाद श्रीवास्तवको नाती, प्रहलाद प्रसाद श्रीवास्तवको छोरा, कपिलवस्तु जिल्ला अभिराव गा.वि.स. वडा नं. २, स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्न **नितिन कुमार श्रीवास्तव** ना.प्र.नं. २२७५५ कपिलवस्तु, जारी मिति : २०५६/०१/२०

२. बाला प्रसाद श्रीवास्तवको नाती, प्रहलाद प्रसाद श्रीवास्तवको छोरा, कपिलवस्तु जिल्ला अभिराव गा.वि.स. वडा नं. २, स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्ने **अमित कुमार श्रीवास्तव** ना.प्र.नं. १६९१९ कपिलवस्तु, जारी मिति : २०५४/११/०३

३. प्रहलाद प्रसाद श्रीवास्तवको बुहारी, नितिन कुमार श्रीवास्तवको पत्नी, पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्ने **नारायणी कार्की** ना.प्र.नं.१०१५८१ पाल्पा, जारी मिति : २०६०/०६/२८

४. प्रहलाद प्रसाद श्रीवास्तवको बुहारी, अमित कुमार श्रीवास्तवको पत्नी, रुपन्देही जिल्ला आमा गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्ने **संजना श्रीवास्तव** ना.प्र.नं.३७३०५२/१९७ रुपन्देही, जारी मिति : २०६३/१२/०७

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

बाला प्रसाद श्रीवास्तवको नाति, प्रहलाद प्रसाद श्रीवास्तवको छोरा, कपिलवस्तु जिल्ला अभिराव गा.वि.स. वडा नं. २, स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ४,बस्ने **नितिन कुमार श्रीवास्तव**को नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला अमारी गा.वि.स. वडा नं. २ ख, स्थित कि.न. ३९३ क्षेत्रफल **०-१०-५-०** (**बिघा**) र मालपोत कार्यालय तौलिहवा कपिलवस्तुमा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला धरमपनिया गा.वि.स. वडा नं. ५, स्थित कि.न. ५५७ र ५२१ क्षेत्रफल क्रमश : **१-१५-०-०** (**बिघा**) **र ०-५-०-०** (**बिघा**) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको छ।**

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.
केन्द्रीय कार्यालय:
बुटवल-११, कालिकानगर, रुपन्देही
फोन: ०७१-४१५५०२/४१५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np

## सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

### प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सुनुवाई हुने बारे सूचना

**प्रकाशित मितिः २०८२-०९-२८**

सरावल गाउँपालिका वडा नं ५, ६ र ७ भएर बग्ने धनेवा खोलाको बगर क्षेत्रबाट वातावरणमैत्री तथा दिगो रूपमा पागो माटो सङ्कलन / उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्ने शिलशिलामा तपशिल बमोजिमको मिति, स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गैरहेकाले यस प्रस्ताव संग सम्वन्धित सरोकारवाला संघसस्था तथा स्थानीय बासिन्दाहरूलाई उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिभै आफ्नो सल्लाह सुझावहरू दिनहुन अनुरोध गर्दछौ।

**तपशिल**

**सार्वजनिक सुनुवाई हुने स्थानः**

**पहिलो**
वडा नं ५ र ६
वडा नं ६ को कार्यालय, सरावल गाउँपालिका, रामपुर खाडौना
मितिः २०८२-१०-१३
समयः १०:३० बजे बिहान

**दोस्रो**
वडा नं ७
वडा नं ७ को कार्यालय, सरावल गाउँपालिका, भुजहवा
मितिः २०८२-१०-१३
समयः ३:०० बजे दिउसो

**प्रस्तावक**
**सरावल गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
ठेगानाः सरावल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
सम्पर्क फोनः ९८५७०४८९४३ (सूचना अधिकृत)
ईमेलः info@sarawalmun.gov.np

## KAWASOTI MUNICIPALITY
### OFFICE OF THE MUNICIPAL EXECUTIVE
### GANDAKI PROVINCE, NEPAL

## Invitation for Bids

First Date of Publication:2082/09/28

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos.and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 10/KM/NCB/ WORKS/2081/82 | Road Upgrading Works at kawasotiMunicipality 9,10 and 14 | 52,59,503.87 | 2082/10/28, BS) Upto 12Hr | 120 days | 1,55,000 | 3,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# जोलोजिकल सोसाइटीको अध्यक्षमा डा. शर्मा निर्वाचित



बुटवल । नेपाल जोलोजिकल सोसाइटीको केन्द्रीय अध्यक्षमा डा. हरिप्रसाद शर्मा निर्वाचित भएका छन् । जोलोजीको दोस्रो राष्ट्रिय सम्मेलनका सन्दर्भमा बुटवलमा सम्पन्न १३औं साधारणसभाले शर्माको नेतृत्वमा नयां कार्यसमिति सर्वसम्मत चयन गरेको हो । जोलोजिकल सोसाइटीप्राणी शास्त्रमा स्नातकोत्तरदेखि विद्यावारिधी गरेका प्राज्ञिकहरूको साझा संस्था हो ।

सोसाइटीको उपाध्यक्षमा राजेन्द्र सुवाल, महासचिवमा डा.विष्णुप्रसाद भट्टराई, सचिवमा बाबुराम बञ्जाडे र कोषाध्यक्षमा डा. पूजा जैसवाल निर्वाचित भएकी छन् ।

यस्तै कार्यसमति सदस्यहरूमा डा. रमा मिश्र,डा. दीपक गुप्ता, माया उपाध्याय, शालिकराम अधिकारी, डा.जगन्नाथ अधिकारी, डा. राजेन्द्र बस्यौला, गंगा शाह, चेतराज भट्ट र कमलकुमार शर्मा निर्वाचित भएका सचिव बाबुराम बञ्जाडेले जानकारी दिए । नयाँ नेतृत्वको कार्यकाल दुई वर्ष रहेको छ ।

सोसाइटीका नव निर्वाचित अध्यक्ष डा. शर्माले सरकारी निकायहरूमा जोलोजिष्टहरूको नियुक्ति र सहभागिता न्यून रहेकाले बढाउन नीतिगत पहल गर्ने, प्रदेशस्तरमा जैविक विविधता, माछादेखि हात्तीसम्मका प्रजातिका प्राणीको तथ्यांक संकलन र अनुसन्धान, बाँदरलगायत कतिपय वन्यजन्तुका कारण बालीनालीमा वर्षेनी करोडौं क्षति भएकाले बाँदरको संख्या नियन्त्रणलगायत विषयमा सरकारलाई सुझाव दिने बताए ।

दुईदिने राष्ट्रिय सम्मेलनकै अवसरमा नेपाल जोलोजिकल सोसाइटी लुम्बिनी प्रदेशको पनि साधारणसभा भएको छ । साधारणसभाले कमलकुमार शर्मा अध्यक्ष रहेको नयाँ कार्यसमिति चयन गरेको छ । उपाध्यक्षमा अमर केसी, महासचिवमा श्रीराम न्यौपाने, कोषाध्यक्षमा कमला खत्री, सचिव अब्दुल हाकिम खान निर्वाचित भएका छन् । कार्यसमिति सदस्यहरूमा नारायण बराल, बुद्धिराम ओली,आदेश ओली, शिवराज न्यौपाने, दीपा शर्मा र विशाल आचार्य निर्वाचित भएका अध्यक्ष शर्माले जानकारी दिए ।

देशभर तीनसय जोलोजिस्टहरू रहेका सोसाइटीले जनाएको छ ।

राष्ट्रिय सम्मेलनमा डा. कुमार सापकोटा, डा. चन्द्रमणि शर्मा,डा. पुष्पराज आचार्य,लुम्बिनी प्रदेश पर्यटन विकास परिषद्का कार्यकारी प्रमुख रामु जोशीलगायतले विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

# क्यान्सर सचेतना जगाउन लुम्बिनीमा पद यात्रा




भैरहवा । बुद्ध जन्मस्थल लुम्बिनीमा क्यान्सर सचेतनाका लागि पदयात्रा गरिएको छ । क्यान्सरको जोखिम दिन प्रतिदिन बढ्दै जानुको कारण जनचेतना अभाव समेत रहेकोले उजागर गर्दै क्यान्सरको कारण, रोकथाम र समयमै पहिचानबारे सचेत गराउने उद्देश्यले लुम्बिनीमा पदयात्रा गरिएको हो ।

काठमाडौं क्यान्सर अस्पतालको आयोजनामा विभिन्न सन्देशसहितको प्लेकार्ड लिएर उपस्थित विद्यार्थी, आमासमूह, लुम्बिनी होटल संघ, लुम्बिनी साँस्कृतिक नगरपालिका, अस्पताल परिवार, स्थानीयलगायतको उपस्थितिमा लुम्बिनीको शान्ति दीपदेखि मायादेवी मन्दिर हुँदै राजकीय विहारसम्म पद यात्रा गरी सचेतनामूलक कार्यक्रमसहित सम्पन्न भएको अस्पतालकी प्रशासन प्रमुख वर्षा कोइरालाले बताइन् ।

कार्यक्रममा सेन्टरकी प्रशासन प्रमुख वर्षा कोइरालाले नेपालमा क्यान्सर उपचार सेवाको विस्तार हुँदै गएको र विशेषज्ञ उपचारको आवश्यकता अझ बढ्दै गएको उल्लेख गरिन् ।

यो अभियान न्युजिल्यान्डबाट एक क्यान्सर पीडितद्वारा सुरु गरिएको र पूर्णरूपमा क्यान्सरसम्बन्धी सचेतनाका लागि समर्पित संस्था भएको उनले जानकारी दिइन् ।

नेपालमा भने काठमाडौं क्यान्सर अस्पतालले यसको नेतृत्व गर्दै आएको छ । 'कार्यक्रमको मुख्य उद्देश्य जनचेतना फैलाउनु रहेको उल्लेख गर्दै क्यान्सरको प्रारम्भिक चरणमै पहिचान गर्न सकेमा उपचार सम्भव हुने भएकाले क्यान्सर के हो, कसरी बच्न सकिन्छ र सुरूवाती लक्षण कसरी चिन्ने भन्ने विषयमा सचेतना आवश्यक रहन्छ ।'-प्रशासन प्रमुख कोइरालाले भनिन् ।

लुम्बिनी शान्तिको सन्देश छर्ने ऐतिहासिक ठाउँ र धेरै पर्यटक आउने महत्वपूर्ण ठाउँ भएकोले यहाँको प्रचारप्रसारका साथै क्यान्सरबारे सबैमा सकारात्मक सन्देश जाओस् भन्नका लागि लुम्बिनीमा कार्यक्रम गरिएको काठमाडौं क्यान्सर सेन्टरका अध्यक्ष सीमित सापकोटाले जानकारी दिए ।

पहिले क्यान्सरको नाम सुन्नासाथ मानिसहरू डराउने, लुकाउने र नबताउने प्रवृत्ति रहे पनि अहिले त्यस्तो अवस्था नरहेको उल्लेख गर्दै उनले क्यान्सरबारे खुलेर कुरा गर्न र समयमै जाँच गराउन सचेतना आवश्यक रहेको बताए । उनले क्यान्सरको प्रमुख कारणमध्ये धुम्रपान तथा सुर्तीजन्य पदार्थ रहेको उल्लेख गर्दै यस्ता बानीबाट टाढा रहन जनचेतना फैलाउने उद्देश्यले यो तेस्रो पटक कार्यक्रम आयोजना गरिएको बताए ।

सचेतनाको कमिले अहिले क्यान्सर तीव्र गतिमा बढिरहेको बेला यसबारे जानकारी गराउन, क्यान्सर रोगबाट बच्ने उपाय र विधिबारेमा चेतना जगाउने, क्यान्सरको कारणबारे जानकारी दिँदै रोकथामको उपायकोबारे चर्चा गरिएको हो । आइतबार ६९ वटा देशमा २५० वटा शहरमा यो कार्यक्रम भइरहेको अध्यक्ष सापकोटाले बताए ।

कार्यक्रमले सर्वसाधारणहरूमा क्यान्सर रोगको रोकथाम, समयमै पहिचान तथा उपचारको आवश्यकताको सन्देश प्रवाह गरेको छ । जीवनशैलीमा सानो सुधार तथा नियमित स्वास्थ्य परीक्षणद्वारा क्यान्सरलाई नियन्त्रण गर्न सकिन्छ ।

क्यान्सरको उपचार सम्भव छ, डराउनु पर्ने स्थिति छैन भन्दै अस्पतालले जागरूकताका अभियानहरू निरन्तर सञ्चालन गर्दै आएको छ ।

पदयात्राको पूर्व सन्ध्यामा अस्पतालले उपलब्ध गराउँदै आएको उपचार सेवा, चुनौती र आगामी सम्भावनासहित क्यान्सर उपचार र व्यवस्थापनमा भएका नयाँ प्रविधि, उपचार विधिबारे रूपन्देहीका चिकित्सकहरूसँग संवाद गरिएको थियो ।

चिकित्सकहरूबिच अनुभव आदान-प्रदानमा सहयोग पुग्ने अपेक्षासहित अस्पतालले नेपालमै अत्याधुनिक प्रविधिमार्फत सुरक्षित क्यान्सर उपचार दिँदै उपचारका लागि विदेशीने बाध्यता हटाउँदै गएको जानकारी दिएको छ ।

अङ्कोलोजीमा प्याथोलोजीको भूमिकाबारे डा. राकेश पाठकले क्यान्सरको सही पहिचान र उपचार योजनामा प्याथोलोजीको महत्वबारे, डा. दीपक यादवले टाउको तथा घाँटी क्यान्सर उपचारका नयाँ अभ्यास र प्रविधिबारे, डा. दीप लामिछानेले शल्य अङ्कोलोजीका अधावधिक जानकारी र शल्यक्रियामार्फत् क्यान्सर उपचारमा भएका प्रगति र चुनौतीबारे, डा. सुरेश कायस्थले स्त्रीरोग अङ्कोलोजीका क्षेत्रमा भएका नयाँ उपचार पद्धतिबारे र डा. सुभाष पण्डितले क्लिनिकल अङ्कोलोजीका अधावधिक विषयमा प्रस्तुति दिएका थिए ।

# प्रथम सियारी माछा तथा कृषि महोत्सव गरिँदै



भैरहवा । रूपन्देहीको सियारी गाउँपालिका कृषिमा आम्मनिर्भर हुँदै प्रवर्दनात्मक कामको थादनी गर्न लागेको छ । दुध, तरकारी, माछा, केरा लगायतको बस्तुमा आतमनिर्भर भएको पीलकाले कृषि उत्पादनको प्रवर्द्धन गर्न प्रथम सियारी माछा तथा कृषि महोत्सव आयोजना गर्न लागेको हो ।

पालिकाको समग्र कृषि उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गर्न बुटवल उद्योग वाणिज्य संघको सह आयोजनामा यही माघ १९ गतेदेखि सियारी-४ छपियामा महोत्सव गर्न लागेको सियारी गाउँपालिकाका अध्यक्ष थानेश्वर घिमिरेले जानकारी दिए ।

उनले ब्राण्डिङ्ग र मार्केटिङ गर्दै अन्य क्षेत्रको माछा फ्रोजन भन्दै यहाँ आएकोले अब सियारीको माछा, दूध, तरकारीलगायतका उत्पादनको ब्राण्डिङ गर्दै लैजाने गरी गाउँपालिका लाग्ने बताए । उनले यही उद्योग सञ्चालन गरेर यहाँका माछा विदेश पठाउने उद्देश्य छ ।

महोत्सवले सियारीको महत्व बढ्ने किसानले फाइदा पनि पाउने र मार्केटिङ गर्न अन्यत्र जान नपर्ने उद्देश्यले माहोत्सव गर्न लागको हो । प्रारम्भिक रूपमा किसानलाई प्रोत्साहन गर्न यो सुरुवात गर्न लागिएको अध्यक्ष घिमिरेले जनाए ।

महोत्सवलाई अगाडि बढाउनका लागि गाउँपालिकामा आइतबार जनप्रतिनिधि, कृषक अगुवा, प्राविधिक, माछा उत्पादक किसान, पर्यटन व्यवसायी, सहकारीका सदस्य, राजनीतिक दलका प्रतिनिधि, सामाजिक अगुवालगायतसँग कसरी अगाडि बढ्ने गरी छलफल गरेको छ । छलफलमा महोत्सवमा माछासँगै सियारीका अन्य कृषि उपजको प्रवर्धन गरिने उनले जनाए ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका मत्स्य विकास अधिकृत शोभाखर पाण्डेले गाउँपालिकाभित्र एक हजार दुई ४७ हेक्टर जलासय क्षेत्र रहेको बताए । त्यसमध्ये एक हजार १ सय १२ हेक्टर माछा जोन कार्यक्रमअन्तर्गत पर्ने उनले जनाए । 'सियारीमा प्रतिहेक्टर १० मेट्रिकटन माछा उत्पादन हुँदै आएको छ, जुन देशकै सबै भन्दा बढि भएता पनि प्रविधि र आधुनिकीकरणतर्फ गइरहेको बेला पालिकामा माछामा मात्रै काम हेर्ने उद्देश्यले मत्स्य प्राविधिक राख्नु पर्नेछ ।'-उनले भने ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले पालिका माछा र दुग्ध उत्पादनमा आत्मनिर्भर रहेको जनाउँदै किसानलाई उत्प्रेरित गर्न र व्यवसायिक उत्पादनमा जोड दिनका लागि गाउँपालिकाले कृषि उत्पादन माछा र दूधलगायतका बस्तुको उत्पादकको आधारमा १ करोड बढी अनुदान दिने गरेको जानकारी दिए ।

# हरिनास गाउँपालिका अख्तियारको घेराबन्दीमा

**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा*



गाउँपालिकाले अवैध रुपमा राष्ट्रिय वन क्षेत्रमा ढुङ्गा संकलन गरेको भन्दै अख्तियारमा उजुरी परेको छ । स्याङ्जाको हरिनास गाउँपालिका ५ स्थित कुरुङ्खा भन्ने स्थानमा राष्ट्रिय वन क्षेत्रमा गाउँपालिकाले डोजरलगायतका सवारी साधन प्रयोग गरी ढुङ्गा संकलन गरिएको विषयमा अख्तियारको कार्यालय पोखरा उजुरी परेको हो । डिभिजन वन कार्यालय स्याङ्जाको कार्यक्षेत्र भित्र रहेको राष्ट्रिय वनक्षेत्रमा आयोजनाको नाममा गाउँपालिकाका अध्यक्ष खिमनारायण मानन्धरले डोजरलगायतका सावरीसाधन प्रयोग गरी ढुङ्गा संकलन गरेको खुलेको छ ।

बेला-बेलामा विवादमा पर्दै आएको गाउँपालिका यो पटक अवैध रुपमा ढुङ्गा संकलनको गम्भीर आरोपसहित अख्तियार अनुसन्धान दुरुपयोग आयोगको कार्यालय पोखरामा उजुरी परेको छ । अख्तियारको कार्यालयले गाउँपालिकालाई राष्ट्रिय वनक्षेत्रमा संकलन गरिएको ढुङ्गा संकलनका बारेमा पत्र काटेर जवाफ माग गरेको बताइएको छ । यस विषयमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई टेलिफोन गरेर बुझ्न खोज्दा फोन उठाएनन् ।

यसभन्दा अगाडि राष्ट्रिय वनक्षेत्रमा पालिकाले ढुङ्गा संकलन गरिरहेको उजुरी डिभिजन वन कार्यालयमा परेको थियो । वन कार्यालयले समेत अनुगमन गरी यस बिषयमा अनुसन्धान गरिरहेको छ । स्याङ्जाका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखसहित डिभिजन वन कार्यालयका कर्मचारीसहितको टोलीले अनुगमन गरेको जनाएको छ । सडक फराकिलो बनाउन पालिकाले योजना छुट्टाएको र उपभोक्ता समितिमार्फत् काम गरेको पालिकाले दाबी गरेको छ । तर उक्त योजना सम्झौता समेत नगरी गाउँपालिकाका अध्यक्ष मानन्धरले डोजर प्रयोग गरी ढुङ्गा संकलन गरेका थिए । गाउँपालिकाकै अध्यक्षको लापरबाहीका कारण अवैध रुपमा ढुङ्गा संकलन गरिएको स्थानीयले आरोप लगाएका छन् ।

सरकारी ट्र्याक्टरको समेत दुरुपयोग गरेको आरोप गाउँपालिकाका अध्यक्ष मान्धरलाई लागेको छ । उपभोक्त समितिबाट वा ठेक्कमा हुने विकासे आयोजनामा पालिकाको ट्र्याक्टर प्रयोग गरी चरम दुरुपयोग गरेको स्थानीयले जनाएका छन् ।

ट्र्याक्टरको भाडा समेत नउठाई राजस्वमा समेत चुहावट गरेको आरोप उनलाई लागेको छ । उपभोक्तामार्फत् सडक फराकिलो बनाउने काम गरिएको पालिकाले दाबी गरे पनि वडा कार्यालयलाई भने यो विषयमा थाहा नभएको बताइएको छ । अहिले अख्तियारले डिभिजन वन कार्यालयलाई पत्र पठाएको र वन कार्यालयले पालिका र वडा कार्यालयलाई पठाएको पत्र अनुसार छुट्टाछुट्टै पत्र काटेको बुझिएको छ ।

## पवनकुमार सेठिया स्मृति क्रिकेट प्रतियोगिताः

# रूपन्देही-११ ले गऱ्यो क्लिनस्वीप




भैरहवा । रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पवनकुमार सेठिया स्मृति क्रिकेट प्रतियोगिता' अन्तर्गत एकदिवसीय सिरिज रुपन्देही-११ ले क्लिनस्वीप गरेको छ । सिरिजको अन्तिम खेलमा आइतबार रुपन्देहीले त्रिभुवन आर्मी क्लब 'ए'लाई ८२ रनले हराउँदै सिरिज क्लिनस्वीप गरेको हो ।

रुपन्देहीले सिरिजको पहिलो खेल ८७ र दोस्रो खेल ४९ रनले जितेको थियो । यसअघि भएको दुई दिवसीय टेष्ट पनि रुपन्देहीले जितिसकेको छ । भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको सिरिजको अन्तिम खेलमा टस जितेर ब्याटिङ गरेको रुपन्देहीले मौसमका कारण २८ ओभरमा छोट्याइएको खेलमा ७ विकेट गुमाएर १ सय ९१ रनको बलियो योगफल बनायो । उसका लागि अमर मिश्राले ३९, मिर्नाल गुरुङले ३१, देव खनालले २८, समीर अलीले २२, आकाश त्रिपाठीले १८, निश्चल ज्ञवालीले १६ र प्रज्वल थापाले १५ रनको योगदान गरे ।

बलिङमा आर्मीका घनश्याम पाण्डेले २ तथा अनिश धामी, कृष्णप्रसाद भट्टराई, पवन कार्की र जितेन्द्रसिंह ठकुरीले समान १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको आर्मी २४ ओभर ५ बलमा अलआउट हुँदै १ सय ९ रनमा सीमित रह्यो । उसका लागि अनिश धामीले २६, प्रेम गुरुङले २५, पवन कार्कीले २३ र जितेन्द्रसिंह ठकुरीले १२ रन बनाए ।

बलिङमा रुपन्देहीका सन्देश थापाले ४, देव खनालले २ तथा विप्रसन केसी, अजयकुमार चौहान र मिर्नाल गुरुङले १-१ विकेट लिन सफल भए । खेलमा सन्देश थापा प्लेयर अफ द म्याच भई दुई हजार रुपैयाँ प्राप्त गरे ।

नेपालमै पहिलो पटक तीनवटा फर्म्याटमा दुई टीमबिच प्रतिस्पर्धा भइरहेको हो । दुई दिवसीय टेष्ट र एकदिवसीय सिरिज सकिएसँगै अब टि-ट्वान्टी सिरिज हुने प्रतियोगिता संयोजक प्रथम पराजुलीले जानकारी दिए । प्रतियोगितालाई भैरहवाका व्यवसायी हरिष सेठिया र सुनिल सेठियाले आफ्ना बुवा स्वर्गीय पवन कुमार सेठियाको स्मृतिमा मुख्य प्रायोजन गरेका छन् ।

प्रतियोगितामा विजेता टीमले ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन् । यस्तै, म्यान अफ द सिरिजले ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले २ हजार रुपैयाँ प्राप्त गर्ने छन् । यी दुबै पुरस्कार भैरहवाको लुम्बिनी नेत्रालय प्रालिले प्रायोजन गरेको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com